# राष्ट्रपतिको कार्यालय
## राष्ट्रपति भवन,
## महाराजगञ्ज काठमाडौं

## कार्यालय सामान खरिद सम्बन्धी बोलपत्र आह्वानको सूचना

**प्रकाशित मिति २०७९/०३/१५ बोलपत्र सूचना नं. २/०७९/०८०**

यस कार्यालयको लागि आ. व. ०७९/८० को लागि देहाय बमोजिमको कार्यालय सामान (बस्तु तथा सेवा) खरीद गर्नु पर्ने भएकोले कार्यालय सामान (बस्तु तथा सेवा) उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त फर्म वा कम्पनीहरुले निम्न शर्तको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ३१ दिन भित्र रीतपूर्वकको शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | सेवाको अवधि | बोलपत्र जमानत रकम | बोलपत्रको मान्य अबधि |
|---|---|---|---|---|
| OOP/१/२०७९/०८० | कार्यालय सामान आपूर्ति | १ बर्ष | | बोलपत्र पेश गर्ने अन्तिम दिनबाट ९० दिन |

१. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समय भित्र यस कार्यालयबाट रु. ३,०००।- (तीन हजार) फिर्ता नहुने गरी तिरी खरिद गर्न सकिनेछ ।

२. यो सूचना प्रकाशित मितिले ३१ औं दिन मध्यान्ह १२:०० बजे भित्र आफूले कबोल गरेको दररेट, अंक र अक्षरमा प्रष्ट उल्लेख गरी बोलपत्र फाराम दर्ता गराई सक्नु पर्नेछ । दरखास्त साथ नविकृत फर्म/कम्पनी दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र तथा आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्र समेतको प्रतिलिपिहरु १/१ प्रति पेश गर्नुपर्नेछ ।

३. दाखिला हुन आएका बोलपत्रहरु सोही दिन अपरान्ह २:०० बजे खोलिने छ । बोलपत्र खरिद र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा, बिदा पछि लगतै कार्यालय खुलेको दिन तत् तत् समय भित्र खरिद र दर्ता गर्न सकिनेछ ।

४. बोलपत्रसाथ बोलपत्र जमानत वापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, लैनचौरको राष्ट्रिय बाणिज्य बैंक ठमेल शाखा स्थित यस कार्यालयको धरौटी खाता नं. ११००२०३०००००० मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र पेश गर्ने अन्तिम दिनबाट कम्तिमा १२० दिन म्याद भएको "क" वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको बिड बण्ड संलग्न हुनपर्नेछ ।

५. बोलपत्रदाताले खरिद कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्यवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा स्वघोषणा गर्नुपर्नेछ ।

६. बोलपत्र फाराममा केरमेट भएको ठाउँमा सहि छाप नभएको, सबै आइटमहरुको दररेट नभरेको, जम्मा रकम अंक र अक्षरमा नलेखिएको बोलपत्रको सूचना र बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित कुनै वा सबै रीत नपुगेको, जमानत वापतको रकम नगद वा विडवण्ड संलग्न नभएको, शिलबन्दी भै नआएको तथा सार्वजनिक खरिद ऐन, २०६३, र सार्वजनिक खरिद नियमावली, २०६४ बिपरीत शर्त राखी पेश गरिएको बोलपत्र मान्य हुने छैन । दररेट अंक अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७. बोलपत्र फाराम वापतको राजश्व रकम जम्मा गर्न:
बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक, ठमेल, काठमाडौं
कार्यालयको नाम : राष्ट्रपतिको कार्यालय
कार्यालय कोड : १०१००३५०१
कार्यालयको खाता नं. : १०००२०००१००००
राजश्व शीर्षक नं. : १४२२९

८. सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम रीत नपुगी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

९. बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०. माथि उल्लिखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित कानुन अनुसार हुनेछ ।

११. यस सम्बन्धी थप जानकारी आवश्यक परे कार्यालय खुलेको समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

१२. यो सूचना कार्यालयको वेबसाईट https://www.president.gov.np तथा सार्वजनिक खरीद अनुगमन कार्यालयको Website: www.ppmo.gov.np मा समेत हेर्न सकिनेछ ।